# इटहरी उपमहानगरपालिका
# स्थानीय राजपत्र

इटहरी उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड ५, संख्या १३, साउन ५ गते, २०८० साल

## भाग-३

## इटहरी उपमहानगरपालिकाको सूचना

### कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

**नगर कार्यपालिपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०८**

प्रस्तावनाः कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१. <u>सक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यो कार्यविधिको नाम "कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) प्रारम्भ: यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. **"अध्यादेश"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

ख. **"कार्यविधि"** भन्नाले इटहरी उप महानगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८० लाई सम्झनु पर्दछ।

ग. **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

घ. **"कार्यालय/नगरपालिका"** भन्नाले इटहरी उप महानगरपालिकालाई सम्झनु पर्दछ।

ङ. **"कार्यपालिका"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

च. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इटहरी उप महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

छ. **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम संघिय लोक सेवा आयोगबाट र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साबिक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारिलाई सम्झनुपर्छ ।

ज. **"तह वृद्धि"** भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

झ. **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

ञ. **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्ने :** (१) यो कार्यविधि बमोजिम इटहरी उपमहानगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धिको लागि आवेदन पेश गर्न

प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा कम्तीमा तीस दिनको म्याद दिइ दरखास्त आव्हान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

४. **<u>सिफारिस समितिः</u>** (१) अध्यादेशको दफा २८ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न अध्यादेशको दफा २८ को उपदफा ३ बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **<u>समितिको काम कर्तव्य र अधिकार</u>**: सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

क. तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख. आवेदन पेश गर्नका लागि सूचना प्रकासित गर्ने ।

ग. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

६. **<u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः</u>** यस कार्यविधि बमोजिम तह बृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि अध्यादेशको दफा २८ र २९ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

७. **<u>सिफारिसः</u>** (१) दरखास्त दिने अन्तिम मितिको पंन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

**८. <u>तह बृद्धि गर्न नहुने</u>:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. निलम्बल भएकोमा निलम्बल भएको अवधिभर,

ख. तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह बृद्धि वा बढुवा रोक्का भएको अवधिभर

ग. तलब वृद्धि रोक्का भएकोमा तलव बृद्धि रोक्का भएको अवधिभर

घ. असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर

ङ. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

**९. <u>तह वृद्धि सम्बन्धि विषेश व्यवस्थाः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गरी तह वृद्धिको पत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम अधिकृतस्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा सिफारिस गर्नेछ ।

(३)संघिय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ती भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिनेछ । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(४) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिमको तह वृद्धि गरिएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी तह वृद्धिको पत्र दिनेछ ।

(५) कामकाजमा खटिएका कर्माचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय

तहमा तह वृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

१०. **जेष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

११. **जानकारी दिनु पर्ने:** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा अयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ ।

१३. **उजुरी/गुनासोः** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१४. **यसै कार्यविधि बमोजिम नियमित गरिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारी हुनुभन्दा अघि अध्यादेश बमोजिम भए गरेका देहायका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम नियमित गरिनेछः -

क. संघिय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम सातौं तहमा तह वृद्धि गरिएका कर्मचारीहरुको तह वृद्धि

ख. अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिम चौथो तहबाट पाँचौ तहमा भएको तह वृद्धि

१५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ३ को उपदफा २ सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्री संयोजक ज्यू

तह वृद्धि सिफारीश समिति

विषय : तह वृद्धि गरि पाउँ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको तह वृद्धि सिफारीश समितिको मिति / / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा/तहवृद्धी भएको पत्र ।

३. समायोज पत्र ।

४. नेपाली नागरिकताको प्रमाण पत्र।

५. शैक्षिक योग्यताको प्रमाण पत्र।

६. ...........

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितः |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत न. |
| समुहः | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

प. सः मिति

च.नं.

**विषयः तह बृद्धि गरिएको सम्बन्धमा।**

तपाईंलाई नगर कार्यपालिकाको कार्यालयको मिति \ \ गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ............................अनुसार मिति ................ गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह वृद्धि गरिएको छ ।तह वृद्धि हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

तपसिल :

| **हाल कार्यरत पद** | **तह बृद्धि गरेको पद** |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेवा:: |
| समुह: | समुह |
| कार्यरत कार्यालय : | पदस्थापन गरेको कार्यालय : |

**श्री ................**

कर्मचारी सकेत नम्बरः..........................

**<u>बोधार्थ :</u>** .................

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय कितावखाना(निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी ।

श्री आर्थिक प्रशासन महाशाखा, इटहरी उपमहानगरपालिका,नगर कार्यपालिको कार्यालय ।

मितिः २०८०।४।०५ आज्ञाले,

रामचरित्र मेहता

प्रमुख प्रशासकीय अधिकृत